# नीलकण्ठ नगरपालिका
# नगरसभाको १७ औं अधिवेशनमा
## नगरप्रमुख भीम प्रसाद ढुंगानाद्धारा प्रस्तुत आर्थिक बर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

यस गरिमामय नगरसभामा उपस्थित नगर उपप्रमुखज्यू ! प्रमुख प्रशासकीय अधिकृतज्यू ! नगरसभा सदस्यज्यूहरू ! कर्मचारी मित्रहरू ! उपस्थित सञ्चारकर्मी मित्रहरु ! आदरणीय नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु ! अन्य उपस्थित सम्पूर्ण महानुभावहरु !

नीलकण्ठ नगरपालिका, नगरसभाको १७ औं अधिवेशनमा तपाईं सवैमा हार्दिक अभिवादन गर्न चाहन्छु। हाम्रो कार्यकालको यो चौथो बर्षको नीति तथा कार्यक्रम पूर्वघोषित नीति तथा कार्यक्रमको नीरन्तरता एवम् केहि नयाँ प्रतिवद्धता सहितका नगर गौरबका योजना र कार्यक्रम केन्द्रीत रहि प्रस्तुत गर्दैछु। नगरसभाको अधिवेशनको यो गौरबशाली क्षणमा हामीलाई निरन्तर साथ र पृष्ठपोषण गर्ने सम्पूर्ण नीलकण्ठ नगरबासीहरु, संघ र प्रदेश सरकार, विभिन्न दातृ निकाय एवम् सहयोगीहरु, अहोरात्र घोषित लक्ष्य प्राप्तिका लागि मेहनत गर्ने हाम्रा जनप्रतीनिधि, कर्मचारी, सल्लाहकार एवम् विज्ञ समूहका सवै मित्रहरुमा उच्च सम्मानका साथ हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै स्वतन्त्रता, लोकतन्त्र र संघीय शासन बहालीका लागि प्राण आहुती गर्ने ज्ञात अज्ञात शहिदहरुका प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आजको बहूलबादी लोकतान्त्रीक शासन ब्यवस्था स्थापित गर्न अमूल्य योगदान गर्ने सम्पूर्ण योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै अविचलित रुपमा नगरको समृद्धि र नगरबासीको हितका लागि निरन्तर लागिरहने प्रतिबद्धता ब्यक्त गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रम केवल एक औपचारिक दस्तावेज मात्र नभई, हाम्रो नगरको समग्र समृद्धिको दिशामा अघि बढ्ने एक स्पष्ट कार्ययोजना हो। संविधान प्रदत्त अधिकार,

दायित्व र अवसरलाई व्यवहारमा रूपान्तरण गर्न हाम्रा नीति र कार्यक्रम सहि मार्गदर्शन हुन। संघीय संरचनाको आत्मा नै स्थानीय सरकार हो भन्ने बुझाइका साथ हामीले हाम्रा नीति र कार्यक्रम तय गरेकाछौं। नेपालको संविधानले स्थानीय सरकारलाई दिएको २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरु, राज्यको निर्देशक सिद्धान्त, मौलिक हकहरु, नेपालले प्रतिबद्धता गरेका अन्तराष्ट्रिय सन्धि सम्झौताहरु, नेपाल सरकारको सोह्रौं योजना, बाग्मती प्रदेश सरकारको दोश्रो आवधिक योजना, स्थानीय सरकार संचालन ऐन, अन्तरसरकारी बित्त ब्यवस्थापन ऐन, दीगो विकास लक्ष्यहरुको स्थानीयकरण योजना, नगरविकास गुरुयोजना एवम् आवधिक योजना लगायतका वैधानिक दस्तावेजहरूलाई समेत हाम्रो नीति र कार्यक्रमको मार्गदर्शनका रूपमा ग्रहण गरेका छौं।

नीति तथा कार्यक्रमले नगरवासीको भावना, आवश्यकता र अधिकारलाई स्थापित गर्नुपर्छ भन्ने मान्यता हामिले लिएकाछौं। त्यसैले आर्थिक वर्ष २०८२।०८३ को नीति निर्माण गर्दा विगत बर्षका असल एवम् सफल अभ्यासहरूलाई निरन्तरता दिँदै कमीकमजोरीलाई सुधार गर्दै अघि बढ्ने संकल्प गर्न चाहन्छु।

विगतका वर्षहरूमा नीलकण्ठ नगरपालिकाले केही गौरवपूर्ण र उदाहरणीय अभ्यासहरू गरेको छ। ती अभ्यासहरू हामी सबैका लागि प्रेरणादायी छन्। देशभरका स्थानीय सरकारहरुको संस्थागत क्षमता स्वमुल्यांकनमा हरेक बर्ष प्रथम स्थान हासिल गरि नीलकण्ठ नगरपालिकाले राष्ट्रिय पहिचान स्थापित गरेकोछ। यो सफलताको उचाइलाई कायम राख्दै नगरबासीका आवश्यकता सम्बोधन गर्न आगामी बर्ष थप रचनात्मक र नबिनतम् नीति, कार्यक्रम र बजेट कार्यान्वय गर्ने हाम्रो प्रयास रहनेछ।

**नगरसभा सदस्यज्यूहरु !**

स्थानीय सरकारको संविधानप्रदत्त अधिकारको प्रयोग, सेवा प्रवाहको गुणस्तर, सुशासन र नगरको समग्र विकासलाई मूल आधारका रुपमा लिँदै नीलकण्ठ नगरपालिकाको आगामी बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु।

१) नीलकण्ठ नगरपालिकाको प्रथम एकीकृत शहरी विकास योजना २०७५-२०८५ को मार्गदर्शन, दोश्रो आवधिक योजना २०८२-०८७, मध्यावधिक खर्च संरचना र योजना बैंकमा रहेको प्राथमिकताक्रम अनुसार योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी योजनाबद्ध बिकासको अवधारणालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२) नीलकण्ठ नगरपालिकाको संस्थागत क्षमता बिकास योजनाले सिफारिस गरेका क्षेत्रहरुमा संरचना सुधार गरी जनमैत्री प्रशासन र दक्ष जनशक्तिको परिचालन मार्फत सेवा प्रवाह एवम् बिकास कार्य थप प्रभारकारी बनाइनेछ। नगरपालिकाको प्रशासन र सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउन विषयगत समिति र शाखाका कामलाई थप प्रभावकारी बनाइनेछ। क्षमता विकास योजनाले निर्दिष्ट गरी आवश्यकता पहिचान भएका विषयमा मात्र तालिम कार्यक्रमहरु राखि सचेतनामूलक भन्दा शिपमूलक कार्यक्रमहरुमा जोड दिइनेछ।

३) आवश्यकता पहिचानका आधारमा योजना निर्माण गरी स्रोतको व्यवस्थापन र कार्यान्वयन गर्ने एवम् गुणस्तरीय परिणामका लागि अनुगमन, मूल्याङ्कन र सुधारलाई विशेष प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ।

४) एक वडा एक उत्पादनको नीति अनुसार हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र घोषणा भए अनुसार उत्पादन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ। सवै वडाका कृषि क्षेत्रका माटो परिक्षण गरी विद्यमान उत्पादनमा सुधार एवम् उपयुक्त बालीको सिफारिस गरिनेछ। उत्पादित बस्तुहरुको बजारीकरणमा सहयोग गरिनेछ। नगरबासीहरुलाई आफ्नै नगरभित्र उत्पादित वस्तु र सेवाको उपभोगका लागि अभिप्रेरित गरिनेछ।

५) कृषि तथा पशुपालनमा ब्यवसायिकता प्रवर्द्धन गरी दुध, अण्डा, मासु र तरकारीमा आत्मनिर्भर नगर नीतिलाई निरन्तरता दिइनेछ। मूल्य श्रृंखलामा आधारित

ब्यवसायिक प्रवर्द्धन गरी उत्पादनमा आधारित अनुदान वितरणलाई नियमितता दिइनेछ। मोवाइल भेटेनरी सेवालाई थप प्रभावकारी रुपमा १४ वटै वडामा सञ्चालन गरिनेछ। नगरक्षेत्रका सूचिकृत किसानहरुको माग र आवश्यकतामा आधारित ब्यवसायीक कृषि तथा पशुपालन सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

६) हाम्रो कार्यकाल भित्र हरेक वडाकेन्द्र सम्म कालोपत्रे सडक सञ्जाल निर्माण गर्ने घोषित नीतिअनुसार स्तरबृद्धि र कालोपत्रे कार्यलाई बिषेश प्राथमिकता दिइनेछ। घनावस्ती र स्थानीय आवश्यकतालाई प्राथमिकीकरण गर्दै रणनीतिक सडकहरु घोषणा गरी स्तरबृद्धि र कालोपत्रेका लागि संघ र प्रदेश सरकारसंगको समेत सहकार्यमा निरन्तर सडक स्तरोन्नती कार्य अघि बढाइनेछ।

७) तिर्खामुक्त नगरको रुपमा स्थापित गर्ने पूर्व घोषित नीति अनुसार बाँकी रहेका वडा वस्तीहरुमा खोनेपानीको आपूर्ति सहज हुने गरी योजना सञ्चालन गरिनेछ। हाम्रो कार्यकाल भित्र नगरक्षेत्रका सवै घरमा स्वच्छ खानेपानी उपलब्ध गराउन विशेष प्राथमिकता दिइनेछ। साथै खानेपानीको स्वच्छता मापन गर्न सवै वडाका खानेपानीको परिक्षण गरी आवश्यक ट्रिटमेन्टका साथ पिउन योग्य बनाइनेछ।

८) गत बर्ष ऐन जारी गरी गठन गरिएको नीलकण्ठ नगर खानेपानी तथा सरसफाइ बोर्डको प्रभावकारी ब्यवस्थपन गरी नगर क्षेत्र भरिको खानेपानी र सरसफाइको एकद्धार प्रणालीमा ब्यवस्थापन गर्न आवश्यक पूर्वाधार एवम् जनशक्तिको ब्यवस्था गरिनेछ। रासायनिक मलको अभाव एवम् प्रयोगलाई न्यूनिकरण गर्दै कुहिने फोहोरबाट उत्पादन शुरु गरिएको कम्पोष्ट मलको गुणस्तर सुधार र उत्पादन क्षमता बढाउन फोहोर बर्गीकरण कार्यलाई हरेक घरमा अनिवार्य गरिनेछ।

९) नगरपालिकाको एक वडा एक स्वास्थ संस्थाको अवधारणा अनुसार स्थापित सवै वडाका स्वास्थ संस्थाहरुबाट नेपाल सरकारले तोकेको ९८ प्रकारका निःशुल्क औषधी निरन्तर उपलब्ध गराउने ब्यवस्था अझ प्रभावकारी वनाइनेछ। नसर्ने रोगको महामारीलाई अन्त्य गर्नको लागि मेयरसंग जनता स्वास्थ्य परिक्षण कार्यक्रमलाई

समुदायको प्रत्येक टोलमा पुऱ्याई अन्य कार्यक्रमहरुसंग समेत एकीकृत गरी स्वास्थ सेवालाई प्रभावकारी वनाइनेछ। अशक्त, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुका लागि स्वास्थ्य सेवा घर-घरमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु !</u>**

१०) धादिङ अस्पतालसंग समन्वय गरी वडा स्तरमा विशेषज्ञ सेवा तथा नमूना टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ। सुत्केरीलाइ निःशुल्क एम्बुलेन्स सेवा, विपन्न बिरामीलाई सिफारिस पश्चातको आर्थिक सहायता, निःशुल्क रगत सेवा, क्षयरोगमुक्त कार्यक्रम, असाध्य रोगका बिरामीलाई दिँदैआएको मासिक निर्वाह खर्चलाई निरन्तरता दिइनेछ।

११) रोग लाग्नु पूर्वको सचेतना कार्यक्रम, नागरिक आरोग्यता र योग प्रशिक्षण कार्यक्रमलाई निरन्तर सहयोग र प्रवर्धन गरिनेछ। आगामी बर्ष धादिङवेशी आसपासमा एक ब्यवस्थित खुल्ला व्यायमशाला स्थापना तथा संचालानमा ल्याइने छ।

१२) सवै वडामा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी महिला स्वास्थ्य स्वयं सेविका, नगर प्रहरी, फोहोर मैलामा कार्यरत चालक तथा सहयोगी कर्मचारीहरु साथै "ग" वर्गका अपांगता परिचयपत्र भएका व्यक्तिहरु, गरिव, विपन्नको परिचयपत्र प्राप्त व्यक्तिहरुलाई स्वास्थ्य विमामा सहयोगको ब्यवस्था गरिनेछ।

१३) एचआईभि एड्स, क्षयरोग जस्ता समस्या तथा रोगबाट संक्रमित व्यक्तिहरुको उपचार व्यवस्थापनको लागि आवश्यक वजेट विनियोजन गरी गुणस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय जीवन यापन गर्न सहयोग गरिने छ। लागू औषध र दुर्व्यशनी न्यूनिकरणका लागि विषेश अभियान सञ्चालन गरिनेछ।

१४) नगर शिक्षा योजना र निःशुल्क शिक्षा कार्यान्वयनको प्रभावकारीता जाँच गर्न तेश्रो पक्ष अनुसन्धान तथा अनुगमनको ब्यवस्था गरी शैक्षिक गुणस्तर अडिटको ब्यवस्था गरिनेछ। भूगोल, सञ्चालित कक्षा र विद्यार्थी अनुपातलाई विशेष आधार बनाई विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान नीतिलाई निरन्तरता दिदै एक वडा एक नमूना श्रोत विद्यालयको अवधारणा प्रभावकारी रुपमा अगाडि वढाइनेछ।

१५) विद्यालयको ब्यवस्थापकीय क्षमतामा सुधार ल्याउन विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। आगामी बर्ष देखि सवै विद्यालयको शैक्षिक गुणस्तर स्वमूल्यांकन प्रणाली बिकास गरी सो का आधारमा मूल्यांकन, प्रोत्साहन, पुरस्कार तथा सम्मान गरिनेछ। विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसंग कार्य सम्पादन करार सम्झौता गरी नियमित अनुगमन तथा कार्यरत सम्पूर्ण शिक्षकहरुको गुणस्तर, क्षमता र विज्ञताको परिक्षण गरी क्षमताको आधारमा रोष्टर तयार गरिनेछ।

१६) नीलकण्ठ बालमन्दिर माध्यामिक विद्यालयले विश्वब्यापी मान्यता प्राप्त गुणस्तर मापदण्ड ISO २१००१ चिन्ह प्राप्त गरेकाले सो मापदण्डको अन्तिम शैक्षिक अडिटमा गुणस्तर कायम गर्न आवस्यक पर्ने सहयोग गरि ISO का राम्रा सिकाइ अभ्यासलाई नगरका सवै विद्यालयहरुमा क्रमश लागू गर्ने नीति लिइनेछ।

१७) कक्षा १२ सम्म निःशुल्क र अनिर्वाय शिक्षा लागू भैसकेकाले विश्वविद्यालय शिक्षा र प्राविधिक शिक्षा अध्ययन गर्ने, प्राज्ञिक अनुसन्धान, एमफिल तथा पि.एच.डी गर्ने नगरबासी विद्यार्थीहरु र नगरसँग सम्वन्धित स्वतन्त्र अनुशन्धान कर्ताहरुलाई अनुसन्धानबृत्ति तथा छात्रबृत्ति उपलब्ध गराइनेछ। विद्यालय स्तरका विपन्न बालबालिकाहरुको पहिचान गरी आवश्यक पोषाक तथा शैक्षिक सामाग्रीको ब्यवस्था गरिनेछ। नीलकण्ठ नगरपालिकाको लगानीमा स्थापना भएको वहुप्रविधिक शिक्षालयलाइ शैक्षिक विकासका लागि आवश्यक जोड दिइनेछ।

१८) नीलकण्ठ नगरक्षेत्रमा सञ्चालित एक मात्र QAA मान्यता प्राप्त क्याम्पस नीलकण्ठ बहुमुखी क्याम्पसलाई पूर्वाधारयुक्त क्याम्पसका रुपमा स्थापित गर्न एवम् संघ-प्रदेश अन्तर्गतका विश्वविद्यालयको आंगीक क्याम्पसका रुपमा स्थापित गर्न आवश्यक सहयोग गरिनेछ। क्याम्पसको पूर्वाधार तथा शैक्षिक विकासमा आवश्यक सहयोग गरिनेछ।

१९) गतबर्ष देखि युवा संग उपमेयर कार्यक्रम अन्तर्गत प्रारम्भ भएको युवा शिप, तालिम तथा रोजगार मेलालाई थप ब्यवस्थित गर्दै उत्पादन, बजारीकरण र प्रत्यक्ष रोजगारी लिने दिने थलोका रुपमा बिकसित गर्न आवश्यक समन्वयकासाथ निरन्तरता दिइनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु !</u>**

२०) वैदेशिक रोजगारीलाइ विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ। बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ। यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकार सँग वजेट साझेदारीमा समन्वय र सहकार्य गरिनेछ।

२२) विगतमा जारी नीति तथा कार्यक्रमहरुको उपलब्धी र कार्यान्वयन अवस्था एवम् परिणाम मापन गर्न हाल सम्मका नीति, कार्यक्रम र बजेट प्रभावकारीताको प्रभाव अध्ययन र समिक्षा गरी प्राप्त सुझावहरुका आधारमा थप प्रभावकारी कार्ययोजना निर्माण गरी लागू गरिनेछ।

२३) मेयर उद्यमशीलता विकास कार्यक्रमलाई थप प्रभावकारी र परिमार्जित गर्दै कृषि, भेटेनरी, रोजगार र सामी कार्यक्रम संग समेत अनुबन्ध गर्दै नबप्रबर्धनात्मक क्षेत्र Startup का लागि बिउ पुँजी एवम् सहुलियत ऋणको प्रवन्ध गरिनेछ। विना धितो कर्जा लिएका ब्यक्तिगत फर्महरुको दायरा बढाइ सामुहिक रुपमा उद्यम गर्न चाहने नगरबासीहरुलाई सामुहिकतामा प्रति ब्यक्ति रु २ लाखका दरले ३० लाख सम्मको ऋण विना धितो प्रवाह गरिनेछ। श्रम, रोजगार तथा उद्यमशिलताको प्रवर्द्धन र समन्वयका लागि छुट्टै शाखाको रुपमा श्रम, रोजगार तथा उद्यमशिलता शाखा स्थापना गरिनेछ।

२४) नगरक्षेत्रमा उद्योग व्यवसायको प्रवर्द्धन गर्न उद्यममैत्री नीतिमा निरन्तरता दिइनेछ। ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्न आवश्यक वातावरण वनाउने साथै साना तथा घरेलु एवम् लघु उद्योगलाई सहयोग र प्रवर्द्धन गरिनेछ। गैह्र आवासीय धादिङवासी र नगरबासीलाई नगरक्षेत्रका सम्भाब्य परियोजनाहरुमा लगानी गर्न अन्तराष्ट्रिय धादिङ समाज, धादिङ उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स लगायतका संघ संस्थासंग आवश्यक सहकार्य गरिनेछ।

२५) ठूला आयोजनाहरुलाई प्रवर्द्धन गर्न हरेक वडामा कम्तिमा एउटा बहूबर्षीय योजना सञ्चालन नीति लिइनेछ। मध्यमकालीन खर्च संरचना र आवधिक योजना संग सामान्जस्यता हुने गरी संघ र प्रदेश सरकार संग समेत सहकार्य गर्दै योजनाबैंकका प्राथमिकताअनुसारका नतिजामूखी योजना कार्यन्वयनमा प्राथमिकता दिइनेछ।

२६) धादिङवेसी बजारलाई सफा, ब्यवस्थित र हरियाली शहरको रुपमा विकास गर्ने नीतिलाई नीरन्तरता दिंदै बजारका सवै भित्री सडकहरु समेत कालोपत्रे र ढलान गरी हिलो धुलो रहित अवस्था लगभग पुरा भएकोछ। संघीयता र विकेन्द्रीकरणले घट्दो क्रममा रहेको बजारक्षेत्रमा चलहपह बृद्धि गर्न र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न शहरी घरबास कार्यक्रम संघ तथा प्रदेश सरकार संगको सहकार्यमा सञ्चालन

गरिनेछ। नगरका सम्भाव्य बस्तीहरुमा होमस्टे प्रवर्द्धन, पुनर्स्थापनाका लागि आवश्यक क्षमता विकास, प्रणाली र पूर्वाधार विकासमा सहयोग गरिनेछ।

२७) धादिङवेशी बजारलाई बैज्ञानिक ठेगाना प्रणाली अनुसार ब्यवस्थित गर्न गरिएको सर्वेक्षण पुरा भैसकेकाले टोल विकास संस्थाहरु संगको सहकार्यमा घर नम्बरीङ र नम्बरप्लेट राख्ने कार्य सम्पन्न गरिनेछ। बजारक्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि गरिएको नापजाँच अनुसार सार्वजनिक जग्गाको संरक्षण र करिडोर निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२८) बजार र ग्रामीण क्षेत्रमा नमुना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन गर्न सम्भाव्यता अध्यायन गरी उपयुक्त क्षेत्रहरुमा जग्गा एकिकरण (Land Pooling) गरिनेछ। हाम्रै कार्यकाल भित्र कम्तिमा एउटा नमूना बस्ती विकास गर्ने गरी सम्भाव्यता अध्यायन तथा कार्य थालनी गरिनेछ। उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गरिनेछ। कुनै पनि बस्ती टोलमा शाखाबाटो वा नयाँ बाटो खोल्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र खोल्नु पर्ने व्यवस्था गरिनेछ।

२९) नगर क्षेत्रमा बन्ने घरको निर्माण पूर्व अनिवार्य नक्सापास गर्ने ब्यवस्थाको प्रभावकारी नियमन गरी विद्युतीय नक्सापास प्रणाली अबलम्बन गरिनेछ। नगरक्षेत्रको जग्गा बर्गीकरणलाई बैज्ञानिक बनाउँदै बर्गिकृत जग्गाहरुको ब्यवस्थित सदुपयोग गर्ने नीति तयार गरिनेछ। नगरक्षेत्रका पूर्व निर्मित घरहरुको अभिलेखीकरण र सम्वन्धित घर धनीको जुनसुकै घरलाई अनिवार्य रुपमा जग्गाधनी पूर्जामा घर कायम गर्न प्रेरित गरिनेछ।

३०) नीलकण्ठ नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लागिसकेकाले समयमै निर्माण सम्पन्न गरी सेवा प्रवाह

व्यवस्थित गरिनेछ। आर्थिक बर्ष २०८२/८३ भित्रैमा नयाँ अत्याधुनिक प्रशासनीक भवनबाट सेवाप्रवाहलाई व्यवस्थित गरिनेछ।

३१) नीलकण्ठ नगरपालिकका सवै व्यवसायी र करदातालाई करको दायरामा ल्याउन आगामी बर्षलाई कर तथा आन्तरिक श्रोत सुधार बर्षको रुपमा लिइनेछ। आउने बर्ष भित्र नगरका सवै घर परिवार, नगरबासी र व्यवसायीलाई पारिवारिक, व्यवसायीक एवम् आर्थिक अवस्था समेत पहिचान गर्ने फोल्डरमा आधारित तथ्यांक प्रणाली अनुसार प्रोफाइल निर्माण गरिनेछ। स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले नगरबासी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, घरेलु तथा साना उद्योग महासंघ, टोल बिकास संस्था र स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत चलाइने कर अभियानलाई निरन्तरता दिइनेछ। घरवाहलकर, सम्पति कर, व्यवसाय कर लगायत स्थानीय सरकारको अधिकारक्षेत्रमा पर्ने कर असुलीका लागि विशेष अभियान सञ्चालन गरिनेछ।

३२) नगरको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरुसंगको सहकार्यलाई जोड दिइनेछ। स्थानीय संघ, संस्था र क्लवहरुमार्फत सामुदायिक विकासका कार्यक्रमहरुमा सहकार्य गरिनेछ भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाका कार्यक्रमहरुमा समेत प्रभावकारिता हेरी नगर बजेटबाट साझेदारी गरिनेछ।

३३) नगरक्षेत्रका सहकारीहरुको क्षमता विकास र आर्थिक बिकासका लागि साझेदारी गर्दै सहकारीहरुले सञ्चालन गर्ने सचेतना र स्वरोजगारमूलक कार्यक्रममा नगरपालिकाले आवश्यक सहकार्य गर्ने नीति निरन्तर गरिनेछ। सहकारी ऐनमा समयानुकुल परिमार्जन गरी वित्तीय सुरक्षा, पारदर्शिता र विषयगत सहकारीले सम्बन्धित विषयमा कम्तिमा ७० प्रतिशत कारोबार गर्नुपर्ने व्यवस्था गरी नियमन गरिनेछ। नगर क्षेत्रमा स्थापना भएका तथा अन्य स्थानीय सरकारमा दर्ता भै

नीलकण्ठ नगरलाई कार्यक्षेत्र बनाएका सहकारी संस्थाहरुलाई समेत अनिवार्य दर्ता तथा सूचिकरणको दायरामा ल्याइ आवश्यक नियमन एवम् सहकार्य गरिनेछ।

३४) नीलकण्ठ नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनको प्रारुप, कार्यान्वयन कार्यविधि र  कार्ययोजना अनुसार आगमी बर्ष भित्र नगरपालिकालाई बातावरणमैत्री नगर घोषणा गर्ने गरी वातावरण क्षेत्रमा योजना र कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय वन ऐन जारी गरी हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ। डडेलो नियन्त्रण तथा वातावरणमैत्री कार्यक्रमका लागि सामुदायिक वन समूह, कबुलियति वन, जिल्ला वन कार्यालय र विभिन्न संघ संस्था संगको सहकार्य निरन्तर गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु !**

३५) नीलकण्ठ नगरपालिकाको शासकीय पहिचान समावेशी नगर को प्रारुप तयार गरी सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैंङ्गिक तथा जातिय भेदभावमुक्त स्थलका रुपमा स्थापित गरिनेछ। लैंगिक बजेट तथा सामाजिक समावेशिकरण परिक्षणबाट देखिएका सुधार गर्नुपर्ने विषय क्षेत्रमा आवश्यक बजेट तथा कार्यक्रम तय गरिनेछ। संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, एकल महिला, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु निरन्तर गरिनेछ। अपांगता भएकाहरुका लागि क्षमता विकास एवम् पुनर्स्थापना कार्यक्रम सञ्चालन तथा सहयोग गर्न विद्यमान नीतिलाई समयानुकुल परिमार्जन गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाका भौतिक संरचनाहरु अपांगता पहूँच युक्त बनाउन परिक्षण तथा सुधार गरिनेछ।

३६) गतबर्ष देखि सञ्चालित महिलाका लागि महिला जनप्रतिनीधि कार्यक्रम, गृहिणी महिला कार्यक्रम र महिला संग सम्वन्धित सवै कार्यक्रम र सेवाप्रवाहलाई एकीकृत गरी एकद्धार प्रणालीमा महिला शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ। महिलाहरुको समग्र विकास, रोजगारी, प्रजनन स्वास्थ्य, समानता र पहूँच स्थापित गर्न नगरपालिकाका निर्वाचित महिला जनप्रतिनीधिहरुको नेतृत्वमा स्थापित नगर, वडा र टोल स्तरमा गठित महिला सञ्जालहरुलाई थप शसक्त रुपमा परिचालन गरिनेछ।

३७) दलित बर्गको उत्थान शसक्तिकरण र विकासका लागि निर्मित दलित शसक्तिकरण रणनीतिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेट र योजनाका साथ क्रियाकलाप सञ्चालन निरन्तर गरिनेछ।

३८) शहिद, बेपत्ता तथा विभिन्न आन्दोलनका घाइते र परिवारलाई आवश्यक पुनर्स्थापना, शसक्तिकरण र बृत्तिविकास सम्बन्धी कार्यक्रम थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३९) नीलकण्ठ नगरपालिकालाई खेलमैत्री नगरका रुपमा स्थापित गर्ने अभियानलाई निरन्तर गर्दै सवै खेलको प्रवर्द्धन र खेलाडीहरुको प्रोत्साहन एवम् सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। यस अघिका खेल नीति र प्रवर्द्धधनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमुना हरित खेल मैदानको अवधारणामा विकास गरी बहूआयामिक खेल तथा सभास्थलको रुपमा निर्माण गरिनेछ।

४०) नीलकण्ठ नगरपालिकाको समृद्धिको आधारको रुपमा पहिचान गरिएको पर्यटन क्षेत्रको विकास गर्न नगर पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेका गन्तब्यहरुको प्रवर्द्धन कार्य निरन्तर गरिनेछ। नगरक्षेत्रभित्र नयाँ होम स्टेहरुको शुरुवात तथा स्तरबृद्धि गर्दै, साइक्लीङ, हाईकिङ, रक क्लाइम्बीङ जस्ता पर्यटकीय खेलहरुको प्रवर्द्धन गरी आन्तरिक र वाह्य पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ, नगरपालिकाको भौगोलिक

क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरु भैरवी मन्दिर, पशुपती मन्दिर, रामकोट दरवार, ज्वालामुखी मन्दिर, रामशाह चौतारो, कन्यादेवी, महारुद्र लगायतका क्षेत्रहरुलाई पर्यटन गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ। नीलकण्ठेश्वर पार्क, कुमाल संग्राहलय लगायत निर्माणाधीन पर्यटकीय पूर्वाधारका कार्य थप निर्माण कार्य अघि बढाइनेछ।

४१) सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिँदै विभिन्न जात्रा, महोत्सव र पर्वहरुमा जातजाति विशेष सांस्कृतिक प्रवर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ। नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठान मार्फत ललितकला, साहित्य, ज्ञान, विज्ञान, सृजना र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम निरन्तर गरिनेछ।

४२) नीलकण्ठ नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने नीति अनुसार एकीकृत कार्यविधि जारी भै केहि वडा वालमैत्री वडा घोषणा समेत भैसकेको अवस्थामा कार्ययोजना अनुसारका क्रियाकलाप प्रभावकारीताका साथ सम्पन्न गरी निर्धारित सवै सूचकहरु पुरा गरी बालमैत्री नगर घोषणा गरिनेछ।

४३) संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँच र खुल्ला सरकारको अवधारणामा प्रशासन सञ्चालन गर्ने विगत बर्षकै प्रतिबद्धता अनुसार जबाफदेही प्रशासन सञ्चालन गरिनेछ। अपराध न्यूनिकरण, स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्न सहयोग पुग्ने कार्यक्रम, गुनासो ब्यवस्थापन र सेवा प्रवाहमा सरलिकरण गर्ने कार्य गरिनेछ।

४४) मानवअधिकारको संरक्षण र प्रवर्द्धन, उपभोक्ता हकहित र सचेतनाका लागि उपभोक्ता शिक्षा कार्यक्रम, वस्तु र सेवाको गुणस्तरलाई उपभोक्तामुखी बनाउन आवश्यक नियमन र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४५) नगरपालिकाको वडा स्तरका योजनाहरुलाई छरितो अनुगमन तथा योजना फर्छ्यौटमा सरलता कायम गर्न २ लाख सम्मका योजनाहरुको अनुगमन सम्बन्धीत वडा समितिबाटै गर्ने नीति लिइनेछ।

४६) नगर प्रशासन र नगरबासीहरुमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न एवम् सूचना तथा संचार प्रविधिलाई ब्यवस्थीत गर्न नीलकण्ठ नगरपालिकाको सूचना तथा सञ्चार प्रविधि नीति जारी गरिनेछ। नगर भित्र सञ्चालित रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन संग आवश्यक सहकार्य गर्दै पत्रकारहरुको क्षमता बृद्धिका लागि तालिम तथा वृत्तिविकासका कार्यक्रम सञ्चालन, लेखनबृत्ति र नीलकण्ठ नगर विकास पत्रकारिता पुरस्कार लाइ निरन्तर गरिनेछ।

४७) विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुनर्स्थापना, विपद् ब्यवस्थापन श्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगरप्रहरीको क्षमता विकास कार्यक्रमलाई निरन्तर गरी चुस्त दुरुस्त अवस्थामा राखिनेछ। नगर स्तरीय विपद् ब्यवस्थापन कोष र समिति एवम् वडा स्तरीय विपद् ब्यवस्थापन समितिको क्षमता विकास गरी थप जिम्मेवार र क्रियाशिल बनाइनेछ। पूर्वाधारका हरेक योजना बाट ३ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्युनिकरण क्षेत्रमा विपद् ब्यवस्थापन कोष मार्फत खर्च नीति निरन्तर गरिनेछ। विपद् न्यूनिकरणमैत्री पूर्वाधामा जोड दिइनेछ।

४८) पूर्वाधार, आयमूलक परियोजना, सरसफाई, सुशासन तथा यन्त्र उपकरण उपयोगमा अन्य स्थानीय सरकार, नीजि सार्वजनिक क्षेत्र संगको सहकार्य र साझेदारीलाई प्राथमिकता दिई सम्भाब्य क्षेत्रमा लगानी गरिनेछ।

४९) बिचारमा विविधता विकासमा एकताको सूत्रलाई आत्मसात गर्दै नगरविकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाज एवम् विषय विज्ञहरले दिएका

सुझाब र  अघिसारेका राम्रा योजनाहरुलाई अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गर्ने नीति निरन्तर गरिनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु !</u>**

नीति तथा कार्यक्रम केवल घोषणा मात्र नभई हाम्रा प्रतिबद्धताहरु कार्यान्वयनको दृढ अठोट पनि हो। त्यसैले हामीले कार्यान्वयनका लागि स्पष्ट योजना, जिम्मेवारी र समयरेखा तय गरेका छौं। प्रत्येक कार्यक्रमका लागि जिम्मेवार इकाई, कार्यसमय, स्रोत आवश्यकताको आँकलन, अनुगमन विधि स्पष्ट गर्दै आवधिक विकास योजना, विषयगत रणनीतिक योजना र कार्यान्वयन कार्ययोजना अनुसार घोषित नीति बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने प्रतिवद्धता ब्यक्त गर्दछु। नीलकण्ठ नगरपालिकाको तर्फबाट घोषित यो नीति तथा कार्यक्रम मार्फत हामीले ल्याएका परिवर्तनहरू, सुधार प्रयास र दिगो विकासको यात्रामा सबै नगरवासीलाई यथासम्भव सहभागी र सन्तुष्ट बनाउने प्रतिबद्धता ब्यक्त गर्दछु। शिक्षित, सशक्त र समुन्नत नीलकण्ठ नगरको हाम्रो सपना साकार पार्न निरन्तर प्रयत्नशील रहनेछौ। तपाईं सवैको निरन्तर साथ सहयोग र पृष्ठपोषणका लागि हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद !

जय नीलकण्ठ ! जय नेपाल !